Funded by the European Union

# EWER चौथो - त्रैमासिक प्रतिवेदन
## डिसेम्बर २०१५ देखि फेब्रुअरी २०१६ (मंसिर १५ देखि फागुन १७ सम्म) सम्मका सूचनाको आधारमा तयार पारिएको

**पृष्ठभूमि :**

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । नेपालका पाँच विकास क्षेत्रमा प्रत्येकमा एक एक र मधेसमा थप एक गरी छ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । डिसेम्बर २०१५ देखि फेब्रुअरी २०१६ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच, भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व र प्रवृत्ति शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

**सारांश :**

- **राजनीतिक दलहरूले गरेको बन्द, आन्दोलन तथा मधेसमा नेपाल-भारत सीमा नाकाबन्दी यस अवधिमा पनि जारी रहेकाले सरकारी तथा गैर सरकारी संस्था तथा अन्य सेवा दिने कार्यालयहरू बन्द हुँदा र यातायातको असुविधा हुँदा आम नागरिकले सहज रूपमा प्रशासनिक सेवा नपाएको देखियो । खुलेका केही सरकारी कार्यालयहरू पनि तोडफोडका कारण पुनः बन्द भएको पाइयो ।**

- **आन्दोलनका कारण शिक्षा, उद्योग, यातायात लगायतका क्षेत्र नराम्ररी प्रभावित भएका थिए । लामो समय बन्द हुँदा स्वास्थ्य संस्थाहरूमा औषधी नभएकाले स्वास्थ्य सेवा पनि प्रभावित भएको पाइयो ।**

- **संविधानका प्रावधानमध्ये खासगरी प्रदेश सीमाङ्कनसम्बन्धी विवादका कारण उब्जिएको मधेस आन्दोलन र त्यसपछि मधेसमा भएको नेपाल-भारत सीमा नाकाबन्दीका कारण गहिरिएको इन्धन संकटले गर्दा देशभित्र मूलतः पहाडी र मधेसी समुदाय बीचमा रहेको सामाजिक एकतामा केही असर पुगेको पाइयो । यद्यपि सद्भाव बढाउने गतिविधिहरू पनि आयोजित गरिएका भेटिए ।**

- **राजनीतिक अस्थिरता र कानुनी कार्यान्वयनको कमजोरीका कारण हत्या, बलात्कार, कुटपिट लगायतका महिला हिंसाका घटनाहरू पहिला जस्तै बढ्दै गएको पाइएको छ ।**

- **केही राजनीतिक दलहरूले निजी जग्गा कब्जा गर्ने, जनसरकार घोषणा गर्ने, केबल टेलिभिजन प्रसारण कम्पनीमा पेट्रोलबम प्रहार गर्ने तथा अन्य दलका महाअधिवेशन बिथोल्ने जस्ता कार्य गरेकाले राजनीतिक वृत्त र जन-मानसमा केही असहज स्थिति सिर्जना भएको पाइएको छ ।**

- **यातायात क्षेत्रमा पुराना बस व्यवसायीहरुले नयाँ व्यवसायीलाई व्यवसाय सञ्चालन गर्न अबरोध गर्नाले आम नागरिकलाई असुविधा पुगेको पाइयो ।**

- **द्वन्द्वका बेलामा भएको गैरन्यायिक हत्याको बारेमा सर्वोच्च अदालतले गरेको फैसला सरकारले कार्यान्वयन नगरेको पाइयो भने पीडितहरूले अहिलेसम्म पनि उचित न्याय पाएको देखिएन । द्वन्द्वका बेलामा लुकाइएका र जथाभावी फालिएका हतियारहरूको व्यवस्थापन राम्ररी नहुँदा अझै पनि आम नागरिक घाइते हुने गरेको पाइयो ।**

- **भूकम्प पीडितहरूलाई राहत र पुनर्स्थापना कार्यक्रम सरकारी तथा गैरसरकारी क्षेत्रबाट सुरु गरिए पनि प्रभावकारी हुन नसकेको देखियो । चिसो, हावाहुरी र हिमपातका कारण पीडितहरूको दैनिकी निकै कष्टकर भएको र वास्तविक भूकम्प पीडितसम्म प्रभावकारी ढंगले राहत नपुगेको पाइयो ।**

## १.सुशासन

**राजनीतिक दलहरूले गरेको बन्द, आन्दोलन तथा मधेसमा नेपाल-भारत सीमा नाकाबन्दी यस अवधिमा पनि जारी रहेकाले सरकारी तथा गैर सरकारी संस्था तथा अन्य सेवा दिने कार्यालयहरू बन्द हुँदा र यातायातको असुविधा हुँदा आम नागरिकले सहज रूपमा प्रशासनिक सेवा नपाएको देखियो । खुलेका केही सरकारी कार्यालयहरू पनि तोडफोडका कारण पुनः बन्द भएको पाइयो ।**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले २०७२ साउन ३२ गतेदेखि जारी राखेको अनिश्चितकालीन बन्द माघ २५ गतेसम्म जारी रह्यो । यो प्रतिवेदनले समेटेको अवधि (मंसिर १५ देखि फागुन १७ सम्म) भित्रको अधिकांश समय यसले प्रभावित बनायो । आन्दोलनसँगै भारतीय नाकाबन्दीका कारण भएको इन्धनको अभाव यो अवधिमा आम नागरिकले चरम रूपले खेप्नु पर्‍यो । बन्दका कारण सरकारी सेवा समेत प्रभावित बनेको थियो (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, इन्सेक मध्य पश्चिमाञ्चल, इन्सेक सुदूरपश्चिमाञ्चल, नेपाल मधेस फाउन्डेशन) ।

जारी संविधान र प्रदेश सीमाङ्कनको विरोध गर्दै तराई मधेस केन्द्रित दलहरू आबद्ध संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको आन्दोलनका दौरानमा धनुषाको नापी कार्यालय, पर्यटक कार्यालय, खानेपानी सरसफाइ कार्यालय, सर्लाहीको खानेपानी कार्यालय, महिला तथा बालबालिका कार्यालय आदि तोडफोड भएको पाइयो । बन्द अवज्ञा गरेको भन्दै मंसिर १७ गते सर्लाहीमा राष्ट्रिय मानवअधिकार आयोगको जनकपुरस्थित क्षेत्रीय कार्यालयको गाडीमा आक्रमण गरी आगजनी गरिएको पाइयो । आन्दोलनकै दौरानमा पुस ५ गते प्रहरीको गोलीबाट रौतहटमा १७ वर्षे एक किशोरले ज्यान गुमाउनु पर्‍यो । त्यसपछि उत्तेजित भएका आन्दोलनकारीले ईलाका प्रहरी कार्यालय कटहरीयाको कम्पाउण्ड वाल र गेट भत्काइदिएका थिए । यसै गरी प्रदर्शनकारीहरूले प्रहरी चौकी बंकुलको प्रतिक्षालय तोडफोड गरे भने ईलाका प्रहरी कार्यालय गंगा पिपरामा ढुङ्गामुढा गरी क्षति पुर्‍याए (त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल) । बन्दका क्रममा प्रहरी र प्रहरी चौकीमाथि आक्रमणका बग्रेल्ती घटनाहरू भएको पाइयो भने प्रहरीद्वारा अनावश्यक कुटपिट गरी शारीरिक तथा मानसिक यातना दिएका घटनाहरू पनि भेटिए । मोर्चाको अनिश्चितकालीन बन्दका क्रममा बारामा ३७ प्रहरी चौकीहरू विस्थापित भएको पाइयो । ती चौकीहरू पछिल्ला दिनहरूमा विस्तारै पुनर्स्थापित हुन थालेका छन् ( त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल) ।

आन्दोलनको बेला खानेपानी, कर कार्यालय, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय लगायतका धेरै कार्यालयहरू बन्द हुँदा सेवाग्राही मर्कामा परे । यिनमा कार्यरत धेरै कर्मचारीहरू सुरक्षाका कारण देखाउँदै घर बिदामा गएको पाइयो (त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउन्डेशन) । आन्दोलनको प्रभाव धनुषा,

महोत्तरी, सर्लाही, सिराहा, रौतहट, बारा र पर्सा जिल्लाका सरकारी प्रशासन कार्यालयहरू अत्यधिक रहेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

नाकाबन्दीका बेला कालो बजार गर्नेहरूले नाकाबाट तेल भित्र्याएर चर्को मूल्यमा बेचेको पाइयो । अन्य उपभोग्य सामग्रीको मूल्य वृद्धि पनि अत्यधिक थियो । तर यस्तो प्रवृत्तिलाई नियन्त्रण गर्नेतर्फ स्थानीय प्रशासनको सक्रियता अत्यन्तै न्यून देखियो (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल, इन्सेक मध्यमाञ्चल) ।

यसैगरी राजनीतिक दलले प्रशासनिक काममा पारदर्शिताको कुरा उठाउँदै कर्मचारीमाथि दुर्व्यवहार गरेको एक घटना मुगुमा भेटियो । त्यहाँको जिल्ला शिक्षा कार्यालयले शिक्षक नियुक्तिमा मनोमानी गरेको आरोपमा वैद्य माओवादीका कार्यकर्ताले शिक्षा कार्यालय तोडफोड गरेको र जिल्ला शिक्षा अधिकारी माथि हातपात पनि गरेको समाचार बाहिर आएको थियो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यपश्चिमाञ्चल) ।

अघिल्ला प्रतिवेदनमा झैँ सरकारी कार्यालयबाट सेवाग्राहीले सहज रूपमा सेवा पाउन नसकेको गुनासो अहिले पनि रहेको पाइयो । लिम्बुवान पार्टी नेपाल, संघीय समाजवादी फोरम लगायतले गरेका बन्दको बाबजुद पनि सेवाग्राहीहरू सेवा लिन सरकारी कार्यालयमा पुग्दा त्यहाँका कर्मचारी कार्यालयमा उपस्थित नभएको पाइयो । ताप्लेजुङमा प्रमुख जिल्ला अधिकारीले सरकारी कार्यालयमा छड्के गरेर केही कार्यालयका प्रमुखलाई कमीकमजोरी प्रति स्पष्टीकरण माग गरेको बताए (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) । जाजरकोट जिल्ला वन कार्यालयका एक अधिकृत घुस लिएको रकम सहित अख्तियारद्वारा पक्राउ परे । कर्णाली अञ्चलका कालीकोट, मुगु, हुम्ला, जुम्ला र डोल्पा जिल्लाका सरकारी कर्मचारी र शिक्षक लामो विदामा बसेका कारण विद्यालयको पठनपाठन र सरकारी सेवा प्रभावकारी हुन नसकेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यपश्चिमाञ्चल) ।

**आन्दोलनका कारण शिक्षा, उद्योग, यातायात लगायतका क्षेत्र नराम्ररी प्रभावित भएका थिए । लामो समय बन्द हुँदा स्वास्थ्य संस्थाहरूमा औषधी नभएकाले स्वास्थ्य सेवा पनि प्रभावित भएको पाइयो ।**

आन्दोलनको दौरानमा तराईका विद्यालयमा पठनपाठनमा असुविधा पुगेको देखियो । आन्दोलन, कच्चा पदार्थ तथा इन्धन अभाव, बढ्दो लोडसेडिङ र अस्थिरताका कारण धेरै उद्योगहरू बन्द भएको तराईका स्थानीय व्यापारीहरूले बताए । बिरगञ्ज उद्योग वाणिज्य संघले बताएअनुसार प्रदेश नं २ का १५ सय जति उद्योगमा कार्यरत लगभग ५० हजार कामदारले यो अस्थिरताको बेला जागिर गुमाए । इन्धन अभावको कारण र बन्दकर्ताको आक्रमणको डरले यातायात क्षेत्र प्रभावित बनेको पाइयो (त्रैमासिक प्रतिवेदन- नेपाल मधेस फाउन्डेसन) ।

यस अवधिमा स्वास्थ्य क्षेत्र नराम्रोसँग प्रभावित देखियो । अस्पतालहरूमा अत्यावश्यक औषधी, अक्सिजन ग्याँस लगायतका सामाग्रीको अभाव रह्यो । महोत्तरीम जिल्लामा लगभग १ लाख ७ हजार बालबालिका भिटामिन ए खानबाट बञ्चित भए भने लगभग ७९ हजार ५ सय बालबालिकाले जुकाको औषधी खान पाएनन् । अनिश्चितकालीन बन्दका कारण ढुवानी हुन नसक्दा केन्द्रीय मेडिकल स्टोर बारा पथलैयामा स्टोर गरी राखिएको औषधीको म्याद गुज्रिने अवस्थामा पुग्यो । पर्साका महादेवपट्टी, मिर्जापुर, सम्भौता, जयमंगलापुर, शिवबर्वा, सबैठवा लगायतका स्थानमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरू असोज महिनादेखि लामो समयसम्म बन्द रहे । महोत्तरीको अस्पतालहरूमा औषधी अभावले उपचार सेवा प्रभावित रहेको पाइयो । सरुवा रोगको मौसम सुरु हुन लागेको भए पनि इलाम जिल्लाको इभाङ्गस्थित स्वास्थ्यचौकीमा औषधी अभाव हुँदा बिरामीको उपचारमा समस्या भएको पाइयो । पश्चिमाञ्चल क्षेत्रमा पनि औषधी अभावले समस्या ल्याएको पाइयो । मणिपाल अस्पताल पोखराका असन्तुष्ट कर्मचारीले विभिन्न माग राख्दै गरेको आन्दोलनका कारण धेरै बिरामीहरूलाई मर्का परेको देखियो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल)

यस्तै दुर्गम जिल्लाहरूमा पनि कर्मचारीहरू नियमित नहुँदा स्वास्थ्य सेवा प्रभावित भएको देखियो । मुगुको सोरु भेग र हुम्ला जिल्लाका केही स्वास्थ्य संस्थामा कर्मचारी नियमित नहुँदा बालबालिकाले पोलियो र निमोनियाको खोप पाउन बाट बन्चित भए । स्वास्थ्यकर्मी स्वास्थ्य संस्थामा नहुँदा हुम्लामा प्रसुति सेवा प्रभावित भएको पाइयो । हुम्ला

जिल्लामा एक वर्षदेखि सुत्केरी महिलाले भत्ता र न्यानो झोला पाएको देखिएन । मुगु जिल्लाको फोतु गाविसस्थित स्वास्थ्य चौकीमा कार्यालय सहायकको नियुक्तिको विषयमा स्थानीयबासीद्वारा विरोध जनाउँदै उक्त स्वास्थ्य चौकी तोडफोड गरेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यपश्चिमाञ्चल) ।

## २. सामाजिक एकता/तनाव

**संविधानका प्रावधानमध्ये खासगरी प्रदेश सीमाङ्कनसम्बन्धी विवादका कारण उब्जिएको मधेस आन्दोलन र त्यसपछि मधेसमा भएको नेपाल-भारत सीमा नाकाबन्दीका कारण गहिरिएको इन्धन संकटले गर्दा देशभित्र मूलतः पहाडी र मधेसी समुदाय बीचमा रहेको सामाजिक एकतामा केही असर पुगेको पाइयो । यद्यपि सद्भाव बढाउने गतिविधिहरू पनि आयोजित गरिएका भेटिए ।**

अघिल्लो अवधिमा जस्तै प्रदेशको सीमाङ्कन र नामकरणका विषयलाई लिएर तराईका जिल्लाहरूमा केही तनावको स्थिति सृजना भएको पाइयो । केही अवस्थामा यसले पहाडी र मधेसी समुदाय बीच केही मतभेद पनि ल्याएको पाइयो । यो तनावको स्थिति नाकाबन्दी हटेपछि भने केही खुकुलो भएको भेटियो । संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले गरेको अनिश्चितकालिन बन्द र नाकाबन्दीको विरोधमा मध्यमाञ्चल क्षेत्रका महोत्तरी र सर्लाहीमा पहाडी र मधेसीबीचको सद्भाव बिग्रन खोजेको पाइयो । सर्लाहीमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको कार्यक्रममा चुरे भावर राष्ट्रिय एकता पार्टीका कार्यकर्ताले हस्तक्षेप गरेका थिए । त्यसपछि आपसी सद्भाव बिग्रन खोजेको भन्दै सद्भाव यथावत राख्न नेकपा एमाले, नेपाली काँग्रेस र एमाओवादीका जिल्ला तहका नेताहरू एकीकृत भएका थिए । स्थानीय नागरिक समाज तथा विभिन्न संघ संस्थाका प्रतिनिधिहरूले पहाडी र मधेसीबीचको सद्भाव बिग्रन नदिन र्‍याली तथा सभाको आयोजना गरेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

पश्चिमाञ्चल क्षेत्रमा यस अवधिमा पनि इन्सेक, राष्ट्रिय मानव अधिकार आयोग, शान्तिका लागि नागरिक समाजको संजाल लगायतका मानवअधिकारको क्षेत्रमा क्रियाशील संस्थाहरूले आन्दोलनको नियमित अनुगमन गरिरहेको र आन्दोलनलाई मर्यादित बनाउन तथा आन्दोलनका क्रममा नागरिकहरूका आधारभूत अधिकारको सम्मान गर्न स्थानीय प्रशासन एवं आन्दोनरत पक्ष दुवैलाई आग्रह गरिएको भेटियो (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल) ।

संविधान पारित भएपछिका राजनीतिक गतिरोधहरू र त्यससँगैको मधेस आन्दोलनको क्रममा सामाजिक सद्भावलाई प्रभाव पार्ने धेरै घटनाहरू भएको पाइयो । राष्ट्रिय मानव अधिकार आयोगका अनुसार सरकारी पक्षले आवश्यकता भन्दा बढी बल प्रयोग गरेका कारण आन्दोलनका क्रममा बालबालिका र धेरै सर्वसाधारणको मृत्यु हुन पुग्यो ( त्रैमासिक प्रतिवेदन- नेपाल मधेस फाउन्डेशन) ।

**राजनीतिक अस्थिरता र कानुनी कार्यान्वयनको कमजोरीका कारण हत्या, बलात्कार, कुटपिट लगायतका महिला हिंसाका घटनाहरू पहिला जस्तै बढ्दै गएको पाइएको छ ।**

महिलामाथि बलात्कार/बलात्कारका प्रयास, गालीगलौज, कुटपिट र हत्याका घटनाहरू देशका विभिन्न भागमा भएको पाइयो । जातीय छुवाछुत, महिला तथा बालबालिकासम्बन्धी सन्धि तथा महासन्धिहरू नीतिगत रूपमा भएता पनि दण्डहीनता र व्यावहारिक कानुनको अभावमा बालबालिकामाथि हुने दुर्व्यवहार, जातीय विभेद घरेलु तथा लैङ्गिक हिंसाका घटनाहरू अझै पनि नियन्त्रण हुन नसकिरहेको नै पाइयो । व्यावहारिक कानुनको अभावमा महिला तथा बालिकामाथि हुने हिंसाजन्य कार्यहरुलेप्रश्रय पाइरहेको यस अवधिमा पनि देखिएको छ ।

कास्की जिल्लामा माघ र फागुन महिनामा मात्रै नेहा पुन[1] समेत गरी चार जना महिलाहरू मृत अवस्थामा फेला परेका घटनाहरू सार्वजनिक भए। नेहा पुनको हत्यारालाई पक्रन नेपाल प्रहरी सफल भएको छ। त्यसै गरी बुटवलको तिनाउ खोला किनारमा पनि एक महिला मृत अवस्थामा फेला परेकी थिइन्। यी घटनाको सत्य-तथ्य बाहिर ल्याउन महिला लगायतका अन्य नागरिक अगुवाहरूले स्थानीय स्तरमा दबाब युक्त र्‍याली गरेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल)।

अझै पनि धेरै जिल्लाहरुमा महिला हिंसाका अधिकांश उजुरी मिलापत्रमा टुंगिने गरेको पाइएको छ। ईलाम जिल्ला प्रहरी कार्यालय अन्तर्गत रहेको महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएका अधिकांश उजुरी मिलापत्र हुने गरेका छन्। सेवा केन्द्रका प्रमुखका अनुसार सन् २०१५ को जनवरीदेखि डिसेम्बरसम्म एक वर्षको अवधिमा त्यहाँ दर्ता भएका महिला हिंसाका ५३ उजुरीमध्ये ४५ ओटा उजुरीमा मिलापत्र गरिएको पाइयो। यस प्रतिवेदन अवधि भरिमा पूर्वाञ्चलमा महिलामाथि कुटपिटका २ घटना, बोक्सीको आरोपमा दुर्व्यवहारको १ घटना, बालिका बलात्कारका २ घटना र बालबालिका बेपत्ताको १ घटना हामीलाई प्राप्त त्रैमासिक प्रतिवेदनमा उल्लेख छ (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल)।

यो अवधिमा मध्यमाञ्चलमा जातीय छुवाछुतका २, बालिका बलात्कार तथा यौन दुर्व्यवहारसम्बन्धी १५, पत्रकार कुटपिटका २, पत्रिकाको गाडी जलाइएको १, एफएम स्टेसनमा आक्रमण १, महिला बेचबिखन ३, महिला तथा बालबालिका हत्या ५, महिला बलात्कार तथा दुर्व्यवहारसम्बन्धी ४ घटना हामीलाई प्राप्त त्रैमासिक प्रतिवेदनमा उल्लेख छ (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल)।

यस प्रतिवेदन अवधिमा पश्चिमाञ्चल तथा मध्यपश्चिमाञ्चलमा गरी बालिका बलात्कार तथा यौन दुर्व्यवहारको २, छुवाछुतसम्बन्धी १, पुरुष हत्याको ६, महिला हिंसाको २, महिला हत्या वा शंकास्पद मृत्युको ४ घटना हामीलाई प्राप्त त्रैमासिक प्रतिवेदनमा उल्लेख छ (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल, इन्सेक मध्यपश्चिमाञ्चल)।

यस त्रैमासिक अवधिमा सुदूरपश्चिमाञ्चल क्षेत्रमा जम्मा ९१ वटा मानव अधिकारसँग सम्बन्धित घटनाहरू भए। तीमध्ये अधिकांश (९० प्रतिशत) घटनाहरू महिला अधिकारसँग सम्बन्धित भएको पाइएको छ (त्रैमासिक प्रतिवेदन- इन्सेक सुदूरपश्चिमाञ्चल)।

## ३. राजनीतिक परिचालन/तनाव

**केही राजनीतिक दलहरूले निजी जग्गा कब्जा गर्ने, जनसरकार घोषणा गर्ने, केबल टेलिभिजन प्रसारण कम्पनीमा पेट्रोलबम प्रहार गर्ने तथा अन्य दलका महाअधिवेशन बिथोल्ने जस्ता कार्य गरेकाले राजनीतिक वृत्त र जन-मानसमा केही असहज स्थिति सिर्जना भएको पाइएको छ।**

मोरङको रंगेलीमा एमालेको भातृ संस्था युवा संघ नेपालले आयोजना गरेको मधेस जागरण अभियानसम्बन्धी आमसभालाई संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले बिथोल्न खोज्ने क्रममा भएको झडपमा तीन जनाको मृत्यु भएको पाइयो। आमसभालाई संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले अवरोध गर्न खोजेपछि भीड हटाउने क्रममा प्रहरीले गोली चलाएको जिल्ला प्रहरी कार्यालयका प्रमुखले बताए। यता उपप्रधानमन्त्री विजयकुमार गच्छदारलाई कालो झण्डा

[1] कास्की जिल्लामा बसोबास गर्दै आईरहेकी स्थानिय युवती नेहा पुनको हत्या नेपाली पत्रपत्रिकामा चासोको विषय बन्न गएको थियो। माघ १८ गते पोखरा, कास्कीमा भएको घटनालाई लिएर पत्रपत्रिका सहित थरिथरिका संचार माध्यममा यो घटनाको प्रचार-प्रसार गरिएको थियो।

देखाउन खोज्ने संयुक्त मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच पुस १५ गते दिउँसो सुनसरीमा झडप हुँदा दस जना घाइते भएका थिए (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

जारी संविधान र प्रदेशको सीमाङ्कनमा असन्तुष्टि जनाउँदै मधेस केन्द्रित दलहरू आबद्ध संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले तराई मधेसमा अनिश्चितकालीन बन्द हड्ताल, सीमा नाकामा धर्ना दिएका कारण राजनीतिक दलहरू बीच तनावको स्थिति रह्यो । यो अवधिमा मधेसी मोर्चाका आन्दोलनकारी र प्रहरी बीचको झडपका क्रममा रौतहट जिल्ला सदरमुकाम गौरमा १ जनाको मृत्यु भयो । त्यस्तै सर्लाहीमा एमालेका जिल्ला समिति सदस्यको हत्या भएपछि यसले स्थानीय स्तरमा राजनीतिक तनाव सिर्जना गर्‍यो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

नेपाल सरकारको निरन्तर बेवास्ताका कारण मधेस आन्दोलनले झनै ठूलो रूप लिएको पाइयो । सरकारी सुरक्षा फौजले गरेको अत्यधिक बल प्रयोग कैलाली घटनाको प्रतिशोधको रूप जस्तो देखिन्थ्यो । पीडितहरूले आफ्नो परिवारका सदस्य गुमाएको लामो समयसम्म पनि सरकारबाट न्याय तथा राहत पाएको देखिएन । जारी आन्दोलन र बन्दका कार्यक्रमले सर्वसाधारणको दैनिकी निकै बिथोलिएको पाइयो (त्रैमासिक प्रतिवेदन- नेपाल मधेस फाउन्डेशन, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

मधेस आन्दोलनको मागबारे सम्बोधन गर्न बनेको राजनीतिक संयन्त्रलाई वैधानिकता दिने विषयमा तीन दलबीच २०७२ पुस ३० गते सहमति भएको थियो । यस लगत्तै २०७२ माघ ९ गते नेपालको संविधानमाथि पहिलो संशोधन पारित भएको थियो । मधेसी मोर्चामा आबद्ध दलका शीर्ष नेताहरूको बैठकले २०७२ माघ २५ गते सीमा नाका अवरोध र सरकारी कार्यालय बन्दको आन्दोलनलाई स्थगित गर्ने निर्णय गर्‍यो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

पश्चिमाञ्चल क्षेत्रमा विगतमा जस्तो यस अवधिमा राजनीतिक तनावहरू खासै भएनन् । नेकपा माओवादी विप्लव समूहले यस क्षेत्रका बागलुङ, कास्की, लमजुङ, रुपन्देही लगायतका जिल्लाहरूमा जनसरकार गठन गरेको समाचार सार्वजनिक भएको पाइयो । त्यसै गरी डा. बाबुराम भट्टराईद्वारा खोलिएको नयाँ शक्तिले पनि गोरखा, कास्की, पर्वत, तनहुँ, पाल्पा, रुपन्देही लगायतका जिल्लाहरूमा संगठन विस्तार गरिरहेको पाइएको छ (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल) ।

नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधिहरूको चुनाव तथा देशभरिका जिल्लाहरूमा जिल्ला अधिवेशनहरू सम्पन्न भए । यद्यपि मधेसी मोर्चाले तराई मधेसका धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा अधिवेशन बिथोलेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) । संयुक्त जनमोर्चाले पनि आफ्नो अधिवेशन रुपन्देहीको बुटवलमा सम्पन्न गर्‍यो । नेकपा एमालेले संविधानको सफल कार्यान्वयनका लागि भनेर विभिन्न जिल्लाहरूमा आफ्ना कार्यकर्ताहरूलाई संविधानका विषयमा प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्‍यो । बढ्दो प्रजातान्त्रिक अभ्यासहरू र घट्दो अन्तरद्वन्द्वको अवस्थालाई राजनीतिक वृत्तमा आएको सकारात्मक परिवर्तनको रूपमा लिन सकिन्छ (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल) ।

नेकपा माओवादी विप्लव समूहका कार्यकर्ताले टेलिभिजन प्रसारक डिस होमको ललितपुर भैंसेपाटीस्थित मुख्य टावरमा २०७२ पुस १ गते बिहान पेट्रोलबम प्रहार गरेको समाचार सार्वजनिक भयो । उक्त दलका प्रवक्ताले भारतीय टेलिभिजन च्यानलको प्रसारण रोक्न पटक-पटक गरिएको आग्रह बेवास्ता गरेकाले चेतावनी स्वरूप आक्रमण गरिएको बताए (त्रैमासिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल) । बम प्रहारपछि टेलिभिजन प्रसारक डिस होमको प्रसारण केही समय बन्द भएको थियो । सल्यान र प्युठान जिल्लामा जालसाझी गरी सम्पत्ति कमाएको आरोपमा नेकपा माओवादी विप्लव समूहद्वारा दुई जनाको जग्गा कब्जा गरेको पाइयो । यस अवधिमा नेकपा माओवादी विप्लव समूहका केही कार्यकर्ताहरू डा. बाबुराम भट्टराईको नयाँ शक्तिमा प्रवेश गरेको समाचारहरू पनि आएका थिए जसमा बाँकेमा मात्रै ५३ जना थिए । कालिकोट जिल्लामा नेकपा माओवादी विप्लव समूहले २०७२ माघ १६ गते समानान्तर सरकार घोषणा गरेको पाइयो । त्यहाँ वाइसीएलका पूर्व जिल्ला अध्यक्ष प्रमुख रहेको १५ सदस्यीय जिल्ला जनसरकार घोषणा गरेका थिए (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यपश्चिमाञ्चल) ।

## ४. स्रोत साधनमाथिको द्वन्द्व

**यातायात क्षेत्रमा पुराना बस व्यवसायीहरुले नयाँ व्यवसायीलाई व्यवसाय सञ्चालन गर्न अबरोध गर्नाले आम नागरिकलाई असुविधा पुगेको पाइयो ।**

यस अवधिमा पश्चिमाञ्चल क्षेत्रमा दुई घटना भए जसमा पुराना बस व्यवसायीले नयाँ सुविधा सम्पन्न बसलाई सञ्चालनमा आउन नदिई आफ्नै एकाधिकार कायम राख्न प्रयास गरेको पाइयो । कास्की जिल्लामा विन्ध्यवासिनी यातायातका नयाँ बसलाई यातायात व्यवस्था विभागले पोखराको रुटमा सञ्चालन गर्न पाउने गरी रुट इजाजत दिएको थियो । त्यसको विरोधमा २०७२ फागुन ४ र ५ गते पोखराका पुराना यातायात व्यवसायीहरूले चक्काजाम लगायतका आन्दोलनको कार्यक्रम गरेका थिए । यसले गर्दा हजारौँ यात्रीहरूले कष्ट भोग्न परेको थियो । २०७२ फागुनको पहिलो साता जिल्ला प्रशासन कार्यालयको आयोजनामा सम्पन्न सर्वपक्षीय वार्तापछि भेलामा सहभागी अधिकांश प्रतिनिधिहरूले यातायात क्षेत्रमा सिन्डिकेटको नकरात्मक र सकरात्मक विषयबारे आ-आफ्नाधारण व्यक्त गरेका थिए । उक्त सर्वपक्षीय वार्ताले चारबुँदे सहमति गर्न सफल भयो । सोही आधारमा विन्ध्यवासिनी यातायातका तीनवटा नयाँ बसहरू पोखराको सडकमा चल्न थालेको पाइयो । त्यस्तै गोरखा जिल्लामा पनि ग्रामीण भेगमा अन्य नयाँ यातायातका साधनलाई चल्न दिएको भन्दै पुराना यातायात व्यवसायीद्वारा नयाँ बसलाई तोडफोड गरिएको पाइयो । यसले गर्दा सर्वसाधारण नागरिकलाई असुविधा पुगेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल) ।

## ५. संक्रमणकालीन न्याय/न्यायमाथिको पहुँच

**द्वन्द्वका बेलामा भएको गैरन्यायिक हत्याको बारेमा सर्वोच्च अदालतले गरेको फैसला सरकारले कार्यान्वयन नगरेको पाइयो भने पीडितहरूले अहिलेसम्म पनि उचित न्याय पाएको देखिएन । द्वन्द्वका बेलामा लुकाइएका र जथाभावी फालिएका हतियारहरूको व्यवस्थापन राम्ररी नहुँदा अझै पनि आम नागरिक घाइते हुने गरेको पाइयो ।**

द्वन्द्व कालमा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था अझै सार्वजनिक हुन सकेको छैन । एकातिर द्वन्द्व पीडितहरूलाई राज्यले घोषणा गरेअनुरूप क्षतिपूर्ति उपलब्ध गराएको छैन भने अर्कातिर द्वन्द्वका बेला भएका हत्याका घटनाको दोषीलाई कार्वाही गर्न सर्वोच्च अदालतले यसअघि दिएको आदेश कार्यान्वयनको लागि पुनः दिएको आदेशको पालना भएको छैन । यसले गर्दा पीडितहरूमा निराशा छाएको पाइयो (त्रैमसिक प्रतिवेदन, इन्सेक मध्यमाञ्चल, इन्सेक पश्चिमाञ्चल, मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

गुल्मी लगायतका जिल्लामा द्वन्द्व पीडितहरूले राहत नपाएको देखिन्छ । स्थानीय शान्ति समितिका सूचना अधिकृतका अनुसार १ सय ४५ मृतकका परिवारमध्ये २६ जना र ६६ घाइते तथा अपाङ्गमध्ये १७ जनाले राहत अझै पाएका छैनन् । यस अवधिमा सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले पीडितहरू र सरोकारवालाहरूलाई भेटी समस्याहरू बुझ्ने र आयोगका हाल सम्मका गतिविधिहरूबारे जानकारी गराउने काम गरेको पाइयो । बेपत्ता पारिएका व्यक्तिको छानविनका लागि गठित आयोगले एक वर्षसम्म पनि उल्लेखनीय काम गर्न नसकेको भन्दै उक्त आयोगप्रति समेत पीडितको विश्वास कम हुँदै गएको पाइएको छ (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल, इन्सेक मध्यमाञ्चल) ।

धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत पुनर्स्थापना केन्द्र हाडजोर्नी विभागले पूर्वाञ्चलका १६ जिल्लाका द्वन्द्वपीडितको निःशुल्क उपचार सुरू गरेको थियो । 'विभागले सरोकारवालासँगको परामर्शअनुसार १६ जिल्लामा १ हजार १ सय जनाको उपचार गर्न आवश्यक रहेको तथ्याङ्क दिएको छ ।,' विभागका एक प्राध्यापकले भने 'हाडजोर्नीलाई लक्षित उपचार सेवा भए पनि सवै प्रकारका बिरामीको उपचार हुन्छ ।' शान्ति मन्त्रालयको सहयोगमा हुने निःशुल्क उपचार कार्यक्रम १७ महिनासम्म सञ्चालन हुने बताइएको छ (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

द्वन्द्वकालको व्यवस्थापनका लागि गठित सत्यनिरूपण तथा मेलमिलाप आयोगका सदस्य बीचको असमझदारीका कारण सशस्त्र द्वन्द्वको बेला तत्कालीन माओवादीले राखेको एम्बुसमा परी ज्यान गुमाएका चितवनको बाँदरमुढेका पीडित परिवारसँग आयोगले छलफल गर्न नसकेको पाइयो । ज्यान गुमाएका पीडित परिवार र त्यहाँको शान्ति समितिसँग २०७२ फागुन २ गते छलफल गर्ने आयोगको कार्यक्रम थियो । द्वन्द्वका बेला भएको गैर न्यायिक हत्याका बारेमा सर्वोच्च अदालतले गरेको फैसला कार्यान्वयन हुन सकेको पाइएन (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

पीडितहरूले आवश्यक उपचार नपाएका र पाउनको लागि याचना गरेको उदाहरण पनि यस अवधिमा भेटिएको छ । द्वन्द्वका क्रममा यातना पीडित रसुवा जिल्ला भोर्ले गाविस-१ का युवा मीनबहादुर पुडासैनीको ढाडको शल्यक्रिया गर्न सहयोगको लागि आफन्तले २०७२ माघ महिनामा अपिल गरेका छन् (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

अझै पनि द्वन्द्वका बेला लुकाएर राखिएका बिस्फोटक पदार्थको खोजी, व्यवस्थापन राम्ररी नहुँदा आम मानिस त्यसमा परेर घाइते हुने घटना भइरहेको पाइयो । सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन नेकपा माओवादीले जंगलमा लुकाएर राखेको विस्फोटक पदार्थ विस्फोटमा परी चितवन जिल्ला लोथर-३ सिस्नेरीका स्थानीय २५ वर्षीय प्रेमबहादुर प्रजा घाइते भए (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) । केही भागमा भने यस्ता विस्फोटक पदार्थ फेला पार्ने र उचित व्यवस्थापन गर्ने काम भएको पाइयो । सल्यानको कोरभन्ज्याङपे गाविस ८ स्थित गुफामा २०७२ पुस २८ गते ३ सय ६० थान सकेट बम फेला परेको थियो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यपश्चिमाञ्चल) ।

बहिर्गमनमा परेका जनमुक्ति सेना नेपालले आफूहरूलाई अयोग्यको बिल्ला भिराएर अपमान गरिएको र सुविधामा अन्याय गरेको भन्दै संयुक्त राष्ट्रसंघको नेपालस्थित कार्यालयमार्फत महासचिव वान कि मूनलाई न्यायको माग पत्र पेश गरे । सन् २००६ देखि गैर सरकारी संस्थाहरूले नेपाली पीडितहरूको पक्षमा २५ ओटा उजुरी अन्तर्राष्ट्रिय मानव अधिकार समितिमा पेश गरेकोमा ११ ओटामा निर्णय भइसकेको छ । तर धेरै पटक समितिले नेपालको दायित्व स्मरण गराउँदै आए पनि उक्त घटनाहरूमाथि नेपाल सरकारले अनुसन्धान गरी दोषीमाथि कारबाही र पीडितलाई उचित क्षतिपूर्ति प्रदान नगरेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

## ६. भूकम्पपछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**भूकम्प पीडितहरूलाई राहत र पुनर्स्थापना कार्यक्रम सरकारी तथा गैरसरकारी क्षेत्रबाट सुरु गरिए पनि प्रभावकारी हुन नसकेको देखियो । चिसो, हावाहुरी र हिमपातका कारण पीडितहरूको दैनिकी निकै कष्टकर भएको र वास्तविक भूकम्प पीडितसम्म प्रभावकारी ढंगले राहत नपुगेको पाइयो ।**

यो प्रतिवेदनको अवधिमा हिमपात र चिसोले धेरै भूकम्प पीडितहरूलाई झन् असहज बनाएको पाइयो । धेरै जिल्लाहरूमा अझै पनि वास्तविक पीडितले उचित राहत पाउन सकेका छैनन् । राहतमा आएको चामल रामेछाप जिल्लामा गोदाममा कुहिएको पाईयो भने रसुवा जिल्लामा बालबालिकाहरू कुपोषणबाट पीडित हुन थालेको पाइएको छ (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

विभिन्न जिल्लामा भूकम्पपछि खानेपानीको मुहान सुकेर असहज भएको पाइएको छ । त्यस्तै एक उदाहरण रामेछाप जिल्लाको डडुवा गाविसमा छ । त्यहाँको खोलाखर्कका ३७ घर परिवारले उपयोग गर्दै आएको खानेपानीको मुहान सुकेको कारण खानेपानीको संकट परेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

रसुवामा बिनाशकारी भूकम्पका कारण रसुवामा ५०७ जना बालबालिकाहरू कुपोषण तथा विभिन्न रोगको जोखिममा रहेको जिल्ला बालकल्याण समितिले जनाएको छ । रसुवा जिल्ला धैबुङ्ग गाविस वडा नं ६ र ७ का ३२ जना भूकम्प पीडितहरूले गत पुस महिनामा सरकारी राहत १५ हजार रुपियाँ नपाएको भन्दै जिल्ला दैवी प्रकोप राहत उद्धार

समितिमार्फत ज्ञापन पत्र बुझाएका थिए । सोही जिल्लाको चिलिमे र गोल्जुङ गाविसका पीडितहरू पनि राहतबाट बञ्चित भएको पाइएको छ । यता नुवाकोट काँहुले गाविसका १४६ परिवारले सरकारी राहत पाउन नसकेको पाइएको छ (त्रैमासिक प्रतिवेदन- इन्सेक मध्यमाञ्चल) ।

भूकम्पका कारण पूर्वाञ्चलमा धेरै सर्वसाधारण तथा बालबालिका त्रसित साथै विस्थापित बनेका छन् । प्राकृतिक प्रकोपबाट भएको क्षति अवलोकन तथा अनुगमन गर्न घटनास्थलमा प्रशासन नपुगेपछि पीडितहरूले आफै क्षतिको विवरण संकलन गरेर प्रशासनमा बुझाएका छन् । तर पनि क्षतिपूर्तिमा चासो नदिएकोले पीडितहरू आफ्नो क्षमता अनुसारको नयाँ घर निर्माणमा लागेको पाइएको छ (त्रैमासिक प्रतिवेदन- मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह पूर्वाञ्चल) ।

जाडो मौसमको सुरुवातसँगै वासस्थान अभाव, न्यानो लुगा नहुनु, पर्याप्त खाद्य सामग्रीहरू उपलब्ध नहुनु, नाकाबन्दीका कारण सृजित थप समस्याका कारण पीडितहरू झनै पीडामा परेको पाइयो । उत्तरी गोरखाको बारपाक, लाप्राक, गुम्दा, उहिया, केरौंजा, कासिगाउँ लगायत उत्तरी गाविसका पीडितले हिमपात र अत्यधिक जाडोमा कष्टले दिन कटाएको पाइयो । सर्वोच्च अदालतको आदेशपछि मन्त्रिपरिषद्ले न्यानो कपडा नपाएर चिसोबाट प्रभावित भएका भूकम्प पीडितलाई तत्काल १० हजार रुपियाँ रकम उपलब्ध गराउने निर्णय गऱ्यो । सरकारले दिएको जाडोको राहतले भने उनीहरूलाई केही सुविधा पुगेको पाइयो । यद्यपि देशका कतिपय स्थानमा जाडो सकिँदासम्म पनि यो रकम उपलब्ध नगराइएको पाइयो । गोरखाको गोरखा नगरपालिकाका करिब ६ हजार घरधुरी र चितवनका करिब ९ सय घरधुरीले भने उक्त रकम यो प्रतिवेदन अवधिमा पाएको देखिएन (त्रैमासिक प्रतिवेदन, इन्सेक पश्चिमाञ्चल, इन्सेक मध्यमाञ्चल) । सरकारले अहिलेसम्म घर निर्माणबारे जानकारी नगराउँदा घर बनाउने वा टहरामै बस्ने भन्ने अन्यौल पीडितलाई भएको पाइयो । घर बनाउन सक्नेहरूले पनि नबनाएका र सरकारले दिने दुई लाख रूपैयाँले घर बनाउन नपुग्ने गुनासो पीडितहरूको रहेको पाइयो (त्रैमासिक प्रतिवेदन- इन्सेक पश्चिमाञ्चल) ।

"शान्तिको लागि क्षमता" युरोपियन युनियनको सहयोगमा (इन्ट्रुमेन्ट फर स्टेविलिटी अन्तरगत) सञ्चालन गरिएको परियोजना हो। द्वन्दको प्रारम्भिक संकेत पहिचान गरी त्यसका लागि पूर्व तयारी (अर्ली वार्निंग एंड रेस्पोन्स)मा जुट्नका निम्ति स्थानीय सहकर्मी संस्थाका प्रतिनिधिहरुको क्षमता अभिवृद्धी गर्ने उद्देश्य लिएको यस परियोजनालाई सेफरवर्ल्ड तथा कन्सीलिएशन रिर्सोसेसले ३२ वटा विभिन्न मुलुकहरुमा कार्यान्वयन गर्दै आइरहेको छ । यो परियोजनाको अवधि सन्२०१३ फेब्रुअरी देखि सन्२०१६ फेब्रुअरी सम्म रहेको छ । यस परियोजनाको उद्धेश्यहरु निम्नानुसार रहेका छन्: क) द्वन्द्व विश्लेषण र पूर्व तयारीको रणनीतिहरुका विकासको लागि स्थानीय गैर-सरकारी संस्थाहरुको क्षमता तथा अनुभवलाई तालिम र अभ्यासद्वारा अभिबृद्धि गर्ने, ख) प्रारम्भिक संकेत र पूर्व तयारीको क्षेत्रमा कार्य गदै आइरहेका गैर-सरकारी संस्थाहरु बीच आपसी सहकार्य र साझेदारीको अभिवृद्धि गर्ने, ग) नेपालमा गरिँदैआइरहेको द्वन्द विश्लेषण र विभिन्न कार्यक्रमहरुबाट प्राप्त प्रारम्भिक सूचनाहरुको संकलन र प्रयोग, र घ) परियोजनाबाट प्राप्त प्रारम्भिक संकेतको क्षमता र प्रक्रियाका सिकाइहरुको संकलन र प्रचारप्रसार गर्ने ।
सेफरवर्ल्डले नेपालमा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल मधेश फाउंडेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समुह- नेपाल (प्याग-नेपाल), शान्तिका लागि साझा अभियान (कोक्याप), नेपालमनिटर डट आर्ग, दक्षिण एशिया अध्ययन केन्द्र (सी.एस.ए.एस) र द्वन्द तथा शान्ति अध्ययन विभाग (मध्य-पश्चिमाञ्चल विश्व विद्यालय, सुर्खेत)सँग सहकार्य गर्दै आइरहेको छ ।"